स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'जय हो' प्रदर्शनको बेला अभिनेत्री केकी अधिकारीले सलोन बस्नेतलाई आफ्नो बाल्यकालको 'चाइल्ड स्टार' भनेकी थिइन् । हुन पनि सलोन त्यसबेलाका कुनै ठूला स्टारभन्दा कम लोकप्रिय थिएनन् । फिल्ममा उनी बाल कलाकारको भूमिकामा निर्विकल्पझैं थिए । तर, उमेर बढेसँगै हिरोको रुपमा प्रस्तुत हुन थालेपछि उनले 'स्टार'को छवि बनाउन सकेका छैनन् । उनले हिरोको रुपमा चल्न 'जय हो' मा पनि एकपटक प्रयास गरे तर सफल हुन सकेनन् ।

**आजको विचार...**



तिहारको...
(दुई पेजमा)

शारदा खनाल

अपुरा र छाडिएका पात्रको कथा पूरा गर्नुपर्ने भन्दै निर्माताले फिल्म 'पशुपतिप्रसाद ३' बनाउने घोषणा गरेका छन् । शुक्रबार आयोजित पत्रकार भेटघाटमा खगेन्द्र लामिछाने र दीपेन्द्र के खनालले यस्तो जानकारी दिए । खगेन्द्रको पटकथा रहने फिल्मलाई दीपेन्द्रले निर्देशन गर्ने उल्लेख छ । ढुकी आर्ट्सको ब्यानरमा रोजिना सिटौलाले फिल्म निर्माण गर्ने जनाइएको छ । फिल्मको दोस्रो शृंखला 'भष्मे डन' प्रदर्शनको चौथो सातामा प्रवेश गरेको सन्दर्भमा नयाँ सिक्वेलबारे जानकारी दिइएको हो ।



❒ वर्ष २९ ❒ अंक १०९ ❒ २०८० कार्तिक २५ गते शनिबार 11 November 2023, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# तिहारलाई झिँनियाँ

## झिँनियाँको कारोबारबाट लाखौं आम्दानी गर्दैं महिला

**रामचन्द्र रायमाझी**

**पाल्पा,** कार्तिक २४/यतिबेला पाल्पाको तानसेन नगरपालिका-३ टक्सारटोलमा तिहारका लागि झिँनियाँ रोटी तयारी अवस्थामा राखिएको छ । नेवारी समुदायमा बढी चलनचल्तीमा रहेको झिँनियाँ रोटी तिहारलाई लक्षित गरी बनाइएको हो ।

तिहारको आगमनसँगै पाल्पामा व्यापार फष्टाउँदै गएको छ । तानसेनका हरेक गल्ली गल्ली, पसल पसलमा रङ्गी विरङ्गी झिँनियाँ रोटी राखिएका छन् । एक हप्तादेखि पाल्पाका अधिकांश पसलहरूमा झिँनियाँ रोटीको व्यापार सुरु भएको हो । तिहारको आगमनसँगै पाल्पामा झिँनियाँ रोटीको व्यापार बढेको छ । तिहारमा रोटीको परिकारलाई शोभायमान बनाउन झिँनियाँ रोटी मिसाउने प्रचलन छ । तानसेनको टक्सारमा उत्पादित झिँनिया रोटी चामलको पीठोलाई पकाएर मेसिनबाट पीठोको रेसा निकालिन्छ । त्यसलाई चाउचाउ जस्तै गोलो आकारमा निर्माण गरी २-३ दिनसम्म घाममा सुकेपछि झिँनिया बजारमा बेच्न योग्य हुने गर्दछ । तानसेनको टक्सारमा उत्पादित झिँनियाले तिहारका बेला राम्रो बजार पाउँदा झिँनिया उत्पादन गर्ने यहाँका महिलाको आयआर्जन समेत बढ्न थालेको छ । फुर्सुदका बेला झिँनिया उत्पादन गर्दै आएका महिलाले दर्जनको ५० रुपैयाँदेखि ५ सय सम्म बेच्दै आएका छन् । टक्सारटोलकी झिँनिया व्यवसायी निर्मया श्रेष्ठ भन्छिन्, 'दसैं र





तिहारका समयमा माग उच्च हुन्छ । अन्य समयमा यसको न्यून रुपमा प्रयोग हुने भएता पनि शहरमा यसको माग भने भइरहेको छ ।' श्रेष्ठले चारवर्ष अघिदेखि झिँनियाँ रोटी बनाएरै जीविकोपार्जन गर्दै आएकी छन् । 'बाबु बाजेले पनि झिँनियाँ रोटी बनाएर जीविकोपार्जन गर्नुभएको थियो, हामीले पनि अहिले त्यही काम सिक्यौं अहिले झिँनियाँ रोटी बनाएर जीवन चलाएका छौ' उनले भनिन् । श्रेष्ठले वार्षिक २ लाखको झिँनियाँ रोटी विक्री गर्दै आएको बताइन् । 'मेसिन छ फुर्सदको समयमा बनाएर राख्यो तिहारमा विक्री भईहाल्छ' उनले भनिन्, 'धेरै मेहनत पनि पर्दैन । आम्दानी पनि राम्रै हुन्छ ।' हाते मेसिनले यहाँ झिँनियाँ रोटी बनाउने चलन छ । घरखर्च चलाउनेदेखि लिएर छोराछोरी पढाउन समेत रोटी सहयोगी बनेको व्यवसायी श्रेष्ठले बताइन् । झिँनिया बनाउन उनलाई श्रीमान सुरेन्द्र श्रेष्ठले समेत सहयोग गर्दै आएका छन् । जागर मिहेनत गर्न सके झिँनिया रोटीबाट राम्रो आम्दानी हुने सुरेन्द्र बताउँछन् । बर्ष भरी नै उत्पादन गरिने भए पनि दशैं र तिहार नै यसको मुख्य सिजन भएको उनको भनाई छ ।

सिजनको समयमा उत्पादन गरेकै ठाउँमा किन्न आउनेहरुको भिड लाग्ने गर्दछ । उनीहरु जस्तै टक्सार टोलका अन्य महिलाहरुले पनि झिँनिया बनाएरै राम्रो आम्दानी गर्दै आएका छन् । पाल्पाको तानसेन, रामपुर, हार्थाक, ताहुँ, सराई लगायतका अधिकाश नेवारी बस्तीमा झिँनियाँ रोटी बनाउने स-साना घरेलु उद्योगहरू नै सञ्चालनमा छन् । तिहारमा दाजुभाइलाई टीका लगाइदिएपछि रोटीका रुपमा झिँनिया तेलमा फुराएर सेलरोटी, फिनी रोटीसँगै खुवाउने चलन रहेकाले झिँनियाको व्यापार फस्टाउँदो छ । नेवार समुदायको पुजाआजाका समयमा अनिवार्य जस्तो भएको भएता पनि पछिल्लो समयमा सबै सम्प्रदाय तथा समुदायमा झिँनिया रोटीको आकर्षण बढेको छ । यसका कारण झिँनिया रोटीको व्यवसाय पनि फस्टाउँदै गएको हो । पाल्पाबाट उत्पादित झिँनिया गुल्मी, स्याङ्जा, पर्वत, रुपन्देही, अर्घाखाँची, नवलपरासी, कपिलवस्तु, कास्की, तनहुँ लगायतका जिल्लामा ठूलो मात्रमा आयात हुँदै आएको झिँनिया व्यवसायी बताउँछन् । तानसेनको टक्सारटोल, बगनासकाली गाउँपालिकाको पोखराथोक, माथागढी गाउँपालिकाको सराईमा पनि व्यवसायिक रुपमा झिँनीया रोटी बनाउने गर्दछन् । त्यहाँका छानाहरुमा अहिले रंगीचंगी झिँनिया रोटी सुकाईराखेको देख्न सकिन्छ । अहिले पाल्पाका बजारमा झिँनियाँ रोटी खरिद बिक्री गर्नेहरूको भिड बढेको छ ।

## संक्षिप्त समाचार

### एसईईको फारम खुला

**पाल्पा,** कार्तिक २४/माध्यमिक शिक्षा परीक्षा (एसईई)को लागि परीक्षा आवेदन खुला भएको छ । राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०) ले २०८० मा हुने एसइइको लागि कक्षा १० मा अध्ययनतरत नियमित (माध्यमिक तहको खुला तथा वैकल्पिक विद्यालय, अनौपचारिक प्रौढ विद्यालय र प्राविधिक धार तर्फका विद्यालयमा अध्ययनरत विद्यार्थी समेत)का लागि फारम खुला गरेको हो ।

शुक्रबार (२४ कार्तिक) देखि मंसिर मसान्त भित्र फारम भरिसक्नुपर्नेछ । मंसिर मसान्तभित्र फारम भर्न छुटेका विद्यार्थीले विलम्ब शुल्कसहित १५ पुषभित्र फारम भर्न भराउन सकिने कार्यालयले जानकारी दिएको छ । फारमको लागि आवश्यक कागजात सहित नियमित तर्फ पाँच सय र विलम्ब तर्फ एक हजार शुल्क तिर्नुपर्नेछ । यस्तै परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०) ले आगामी वर्ष एसइइमा समावेश हुनका लागि रजिष्ट्रेसन फारमको आवेदन खुला गरेको छ । कार्यालयले शैक्षिक वर्ष २०८१ म एसइइमा सहभागी हुनको लागि कक्षा ९ मा साधारण, परम्परागत (संस्कृत, वेदविद्याश्रम, गुरुकुल, मदर्सा, गोन्पा) र प्राविधिक धारतर्फ नियमित रुपमा अध्ययनरत विद्यार्थीले मंसिर मसान्तभित्र फारम भर्न भराउन सूचित गरेको छ । कक्षा ९ मा अध्ययनरत नियमित विद्यार्थीले अङ्काङ्कन पद्धतिमा कक्षा ८ वा सो सरहको वार्षिक परीक्षा उत्तीर्ण भएको हुनुपर्नेछ । साथै अक्षराङ्कन पद्धति (२०७२-२०७७) का हकमा अनिवार्य विषयहरुमा न्यूनतम डी प्लस ग्रेड र २०७८ र २०७९ सालमा न्यूनतम ग्रेड डी प्राप्त गरेको ग्रेडसिट र जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि (प्रधानाध्यापकबाट प्रमाणित) अनिवार्य छ । विद्यार्थीले विलम्ब शुल्क सहित १५ गतेसम्म रजिष्ट्रेसन फारम भर्न सक्नेछन् ।

# आजदेखि तिहार सुरू, पहिलो दिन काग तिहार मनाइँदै

**पाल्पा,** कार्तिक ६/कार्तिक कृष्ण त्रयोदशीदेखि सुरु हुने नेपालीको दोस्रो ठूलो चाड यमपञ्चक अर्थात् तिहार आजदेखि सुरु हुँदैछ । यमपञ्चकको पहिलो दिन आज कागको पूजा गरी मीठो मीठो खान दिएर काग तिहार मनाइँदैछ । वैदिक मान्यताअनुसार कागलाई सन्देशवाहकका रुपमा मान्ने गरिन्छ । आजको दिन कागलाई पूजा आजा गरी खान नदिइकन आफूले खाएमा पापको भागी भइन्छ भन्ने धार्मिक मान्यता छ । वैदिक सनातन हिन्दू धर्मानुसार कागलाई यमदूतका रुपमा मानिन्छ । आजैका दिनदेखि यम दीप दान गर्नाले यम यातनाबाट मुक्त भइन्छ भन्ने धार्मिक विश्वास छ । यम दीप दान दक्षिण फर्काएर गर्नुपर्ने धार्मिक विधि रहेको छ । नेपालीहरुको घर आगनमा तिहार भित्रिएसँगै गाउँ,घर, शहर बजार झिलिमिली भएका छन् । सबैका घर आगन रंगिबिरंगी बत्तीले झिलिमिली भएका छन् । शनिबारदेखि तानसेनका



अधिकांश घरहरु झिलिमिली भएका हुन् । तिहारको दोस्रो दिन कुकुर तिहार र लक्ष्मी पूजा एकैदिन परेको छ । सामान्यतया यमपञ्चकको दोस्रो दिन कुकुर तिहार र तेस्रो दिन लक्ष्मी पूजा पर्छ । तर यस वर्ष तिथि घटबढका कारण कुकुर तिहार र लक्ष्मी पूजा एकै दिन परेको नेपाल पञ्चांग निर्णायक समितिले जनाएको छ । तेस्रो दिन लक्ष्मीपूजा, चौंथौ दिन गाईपूजा, गोवर्द्धन पूजा, नेवारी समुदायले मनाउने नयाँ वर्ष अर्थात् नेपाल संवत् ११३७, र म्हपूजा अर्थात् आत्मपूजा एवम् तिहारको अन्तिम दिन कार्तिक शुक्ल द्वितीयाका दिन भाईटीका लगाई तिहार पर्व मनाइन्छ । आजकाल देउसी भैलो खेल्दा 'हामी त्यसै आएनौं बली राजाले पठाए' भनी भट्याउने गर्छन् । लक्ष्मी पूजाका दिनमा भैलो र गोवर्द्धन पूजाका दिनमा देउसी खेल्ने प्राचीन परम्परा भए पनि आजकाल काग तिहारकै दिनदेखि नै देउसी भैलो खेल्ने प्रचलन बढ्न थालेको छ । भैलो महिलाले र देउसी पुरुषले खेल्ने प्रचलनसमेत अहिले बदलिएको छ । अहिले महिला पुरुष दुवैले देउसी भैलो खेल्न थालेका छन् । लक्ष्मीपूजाका दिनदेखि घर घरमा दीपावली गरी झिलीमिली बनाउने परम्परा पनि अहिले तिहारको शुरुवातदेखि नै गर्न थालिएको छ । अझ कतिले त एक हप्ता अघिदेखि नै दीपावली गरी तिहारलाई अग्रिम आमन्त्रण गर्ने गरेका छन् । यसकारण तिहारलाई उज्यालोको पर्वका रुपमा समेत चिनिन्छ । पछिल्लो समयमा तिहारको विकृतिका रुपमा पटाका पड्काउने प्रचलनसमेत बढ्न थालेको छ । जसका कारण पटाकाबाट दुर्घटनासमेत बढ्न थालेको छ । प्राकृतिक रुपमा पनि सयपत्री, मखमली र गोदावरी जस्ता फूल फुल्ने समयमा तिहार पर्व पर्ने भएकाले वातावरण हेर्दै तिहार आएजस्तो अनुभव हुन्छ । उस वर्षका भाइटिका कार्तिक २९ गते बुधबार बिहान १० बजेर ५१ मिनेटमा साईत रहेको छ ।

## हार्दिक मंगलमय शुभकामना




शुभ दिपावली २०८० को पावन अवसरमा हाम्रा ग्राहकवर्ग, विज्ञापनदाता, संवाददाता, शुभचिन्तक तथा कर्मचारीहरूमा सुख, शान्ति समृद्धि र उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।



तिहार विदाका कारण हाम्रो आगामी अंक मंसिर २ गते शनिबार प्रकाशन हुने जानकारी गराइन्छ । सं.

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## तिहारको शुभकामना

उज्यालोको पर्व तिहार नेपालीहरुको घर आगनमा आइपुगेको छ । यति बेला तिहारको रौनक सबैतिर शुरु भइसकेको छ । काग, कुकुर, गाई–गोरु आदिको पूजा गरी जनावर एवं प्रकृतिसँगको मानव सम्बन्ध दर्शाउने पर्वका रुपमा लिइने यस तिहार पर्वले सामाजिक, सांस्कृतिक र धार्मिक महत्व बोकेको हुन्छ । साथै दाजुभाइ–दिदीबहिनीको सुमधुर स्नेहलाई बलियो बनाउन पनि यस चाडले विशेष भूमिका निभाएको हुन्छ । नेपालीहरूले मनाउने विभिन्न चाडपर्वमध्ये तिहारको आफ्नै महत्व छ । यो पर्वलाई विभिन्न समुदायले आफ्नो परम्परा र सामाजिक प्रचलन अनुरूप मनाउने गर्छन् । शरद् ऋतुको मध्यमा पर्ने तिहारमा काग, कुकुर, गाई, गोरु, गोवर्धन पर्वत, दाजुभाइ, दिदीबहिनी सबैलाई आदर र सम्मान गर्दै पाँच दिनसम्म पूजा गर्ने प्रचलन छ । तिहारको पहिलो दिन कागको पूजा गरिन्छ । कागलाई शुभ र अशुभ दुवै किसिमका सन्देश ल्याउने पक्षीका रूपमा लिइन्छ । दोस्रो दिन कुकुरको पूजा गरिन्छ । कुकुरलाई घरको रक्षक, आज्ञाकारी र सेवकका रूपमा लिइन्छ । तिहारको तेस्रो दिन गाई तिहार मानिन्छ । यो दिन गाईको पूजा गर्नुका साथै यही दिन धनधान्यकी देवी लक्ष्मीको पनि पूजा अर्चना गरिन्छ ।

प्राचीन तथा वैदिक कालदेखि गाईलाई गौमाता भन्दै आमाका रूपमा लिइँदै आएको हो । त्यसैले यो दिन बिहान गाई पूजा र साँझ धनकी प्रतिक लक्ष्मीको पूजा गर्ने गरिएको हो । पूजाअर्चना मात्र होइन, यो दिनमा वर्षकै सबैभन्दा बढी उज्यालो र झिलिमिली पनि पारिन्छ । तिहारको चौथो दिन गोवर्द्धन पूजा गरिन्छ जसलाई गोरु तिहार पनि भनिन्छ । तिहारको पाँचौं अथवा अन्तिम दिनमा भाइटीका मनाइन्छ जुन दिन दिदीबहिनीले दाजुभाइको पूजा गर्छन् । पौराणिक मान्यता अनुसार यस दिन यमुनाले दाजु यमराजको पूजा गरेकी थिइन् । त्यही सम्झनामा यो दिन दिदीबहिनीले दाजुभाइलाई पूजा गर्ने र टीका तथा माला लगाइदिने चलन चलेको हो । यस दिन दिदीबहिनीले दाजुभाइलाई सप्तरंगी टीका, मखमली माला लगाइदिने र मिष्ठान्न भोजन तथा खानेकुरा खान दिने गर्छन् र दाजुभाइले पनि दिदीबहिनीहरूलाई दक्षिणा, वस्त्र, गहनालगायत सामाग्री दिने परम्परा तथा प्रचलन रहँदै आएको छ । भाइ पूजामा प्रयोग गरिने सप्तरंगी टीका, मखमली माला लगायतका सामग्री दीर्घायु र सुस्वास्थ्यका प्रतिक मानिन्छन् । भाइटीकाका क्रममा प्रयोग गरिने ओखर, तिल, तेलको घेराले भने दीर्घ जीवनको प्रतिनिधित्व गर्छन् जसका कारण यी सामग्रीलाई दीर्घायु र स्थायित्वका प्रतिकका रूपमा लिने गरिन्छ । तिहार पर्वको त मुख्य सन्देश र भावना नै आपसी सद्भाव, आदर–सम्मान, मेलमिलाप, भ्रातृत्व र सहिष्णुता हो । त्यसैले यो तिहारले समाजमा अझै बढी सद्भाव र सहिष्णुताको विकास गरोस् । तिहारको उपलक्ष्यमा सबैमा हार्दिक मंगलमय शुभकामना !

## Opinion @ Social Network

कसैलाइ मद्दत गर्नुछ भने जटिल परिस्थितिमा गर्नुहोस् हजुर !
जन्ति जाँदा त लाटो पनि तालमै नाच्ने गर्दछ ।
*(ईश्वर थापाको फेसबुक स्टाटस https://www.facebook.com/ishwor.thapa.)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# तिहारको ऐतिहासिक महत्व र वर्तमान अवस्था



शारदा खनाल

तिहार हिन्दु धर्मावलम्बीहरूको दसैं पछिको दोस्रो ठूलो चाड हो । यसलाई यमपञ्चक, दीपावली तथा उज्यालो/प्रकाशको पर्व पनि भन्ने गरिन्छ । कार्तिक कृष्ण त्रयोदशी तिथिदेखि कार्तिक शुक्लपक्षको द्वितीयासम्म यो चाड मनाइन्छ । पाँच दिनसम्म मनाइने भएकाले तिहारलाई यमपञ्चक पनि भन्ने गरिन्छ । तिहारको धार्मिक तथा ऐतिहासिक महत्व रहेको छ । हिन्दुधर्मशास्त्रमा उल्लेख भए अनुसार परापूर्वकालमा कालका देवता यमराजले आफ्नी बहिनी यमुनाको निमन्त्रणा स्वीकार गरी कार्तिक कृष्ण त्रयोदशीदेखि शुक्लपक्षको द्वितीयासम्म पाँचदिन बहिनीका घरमा बसेका थिए । बहिनीले दाजुलाई धेरै माया गरेर निकै सेवा सत्कार गरेपछि दाजु यमराज अत्यन्त प्रसन्न भए र बहिनीलाई वर माग्न आग्रह गरे । यमुनाले अहिले जस्तै यही समयमा सधैं हामी दाजुबहिनी यसरी नै भेट्न पाऊँ, दाजुभाइको आयु बढोस्, दाजुभाइ तथा दिदीबहिनीको प्रेम अटल बनोस् भनी वरदान मागिन् । यमराजले तथास्तु भनेर उनको चाहना पूरा गरे र अर्को वर्षदेखि यही समयमा दाजुबहिनी भेट गर्ने निर्णयमा पुगे । त्यो बेलादेखि नै तिहार मनाउने प्रचलनको आरम्भ भएको कुरा शास्त्रहरूमा उल्लेख भएको पाइन्छ ।

बाल्यकालमा यमुनाले दाजु यमराजलाई अत्यन्त माया गर्थिन् । विवाह गरेर गएदेखि बहिनी माइत आएकी थिइन् । बहिनीलाई भेट्न यमराज आतुर हुन्छन् । संसारका प्राणीहरूको मृत्युको जिम्मा पाएका यमराजलाई आफ्नो कामले कहिलेकाँही वाक्क, दिक्क हुन्थे । यस्तो समयमा पनि उनी आफूलाई माया गर्ने बहिनीलाई सम्झेर व्याकुल हुन्थे । बहिनीको पटक-पटक निमन्त्रणा नआएको पनि होइन । बहिनी पनि दाजुलाई भेट्न त्यत्ति नै आतुर थिइन् । उनले विभिन्न रङ्गीचङ्गी चरालाई माध्यम बनाएर दाजु यमराजलाई निमन्त्रणा पठाएकी थिइन् तर यमराजले आफ्नो कामको जिम्मेवारी अरुलाई दिन नसकेर बहिनी कहाँ जान प्रबल इच्छा भएर पनि जान सकेका थिएनन् । उनलाई बहिनीको साथमा बस्ने रहर पुगेकै थिएन । दाजुलाई केही समय भए पनि कामबाट विश्राम होस् । आफूसँग लामो समयदेखि भेटघाट नभएको भेट पनि होस् भनेर यो पटक कालो नराम्रो चरो कागलाई माध्यम बनाएर दाजुलाई निमन्त्रणा पठाइन् । कागले दिएको समाचार पाएर यमराज खुसीसाथ बहिनी यमुनाको घरमा गए । कागले दाजुलाई बोलाएर ल्याइदियो भनेर यमुनाले कार्तिक त्रयोदशीका दिन कागको पूजा गरेकी थिइन् । यसर्थ अहिले पनि यसै दिनबाट तिहार सुरु भएको मानिन्छ । अहिले पनि कागको पूजा गर्दा फूल र अक्षता आकाशतर्फ छरिन्छ । कागलाई यमराजको दूत वा सन्देशवाहकको रूपमा लिइने गरिएको पाइन्छ ।

बहिनी कहाँ एकदिन बसेपछि यमराजले यमलोक फर्किनका लागि यमुनासँग बिदा मागे । उनले त्यो दिनको आफ्नो कामको जिम्मा शुम्भ र अशुम्भलाई दिएर आएका थिए । तर यमुनाले आज मात्रै होइन अझ केही दिन म कहाँ बस्नुपर्छ भनेर दाजुसँग जिद्दी गर्न लागिन् । यमराजले आफू यमलोक नगए आफूले गर्ने सबै कामकाज ठप्प हुने कुरा गर्दै बहिनीसँग भनेका छन्–"भोलि म फर्कन्छु भनेको छु । मेरो आज्ञाविना उनीहरूले केही पनि गर्दैनन्ह यसर्थ म जान्छु ।" अहिले हजुरको काम ठप्प भएको छ र ? यमुनाले आजको काम सम्हाल्नेले भोलिको पनि त सम्हाल्न सक्छन् नि भनेपछि बहिनीको जिद्दीको अगाडि उनको केही सिप लागेन । केही दिन त्यहीं नबसी सुखै पाएनन् । थप कुराको विवरणसहित केही दिनको जिम्मेवारी पुनः शुभ अशुभलाई थप्नका लागि यमुनाले कुकुरलाई यमलोक पठाइन् । खबर पुर्‍याएर आएपछि कार्तिक कृष्ण चतुर्दशीका दिन यमुनाले कुकुरको स्वागतसहित पूजा गरिन् । टीकामाला लगाइदिइन् । मिठामिठा खानेकुरा खान दिइन् । यसपछि काग र कुकुर पनि यमदूतका रूपमा यमराजका भक्त बन्न पुगे ।

यसैबेला देवी लक्ष्मीलाई यमराजलाई भेट्नुपर्ने काम परेछ । लक्ष्मीले यमराज बहिनीको घरमा रहेको थाहा पाइन् । उनी अमवस्याको दिन गाईको रूप धारण गरी यमुनाको घरमा पुगिन् । यमुनाले लक्ष्मी आफ्नो घरमा आउन लागेको थाहा पाएपछि उनको भव्य तयारीका साथ स्वागत सत्कार र पूजाअर्चना तथा अनुष्ठान गरिन् । लक्ष्मीलाई प्रसन्न बनाउनका लागि घरमा सबैतिर दीप प्रज्वलन गरी भव्य दीपावली गरिन् । औंसीको दिनलाई गाई तिहार पनि भनिन्छ । यसै दिन सम्पूर्ण पूजा सामग्री तयार गरेर यमुनाले गाईको पनि पूजा गरिन् । अहिले पनि कार्तिक कृष्ण औंसीको दिनलाई लक्ष्मी पूजा तथा गाई तिहार भनेर हिन्दुधर्मावलम्बीहरू पूजा अर्चना गर्ने गर्दछन् । चौथो दिन अर्थात् कार्तिक शुक्लपक्षको प्रतिपदाका दिन यमुनाले गोरुको पूजा गरिन् । फूल, अक्षता, चन्दन, टीका, माला, मिठा-मिठा खानेकुरासहित गोरुको पूजा गरेपछि उनले पाँचौं वा अन्तिम दिनमा आफ्नै दाजुको पूजा गर्ने र टीका लगाइदिने तयारी गर्न थालिन् । दाजुलाई सप्तरङ्गी टीका लगाएर खानेकुराका अनेकौं व्यञ्जनहरू, मिष्ठान्न भोजनहरू तयार गरेर खुवाइन् । दाजुको दीर्घायुको कामना गर्दै मखमली माला र दुबो लगाइदिइन् । मेरा दाजुका सबै शत्रुहरू नाश होऊन् भनेर घरको सँघारमा ओंखर फोरिन् । विभिन्न मसला, मिष्ठान्न, रोटी, फल-फूलहरू र भोजन खुवाइन् । उनले दाजुलाई फकाउँदै-फकाउँदै पाँच दिनसम्म आफ्नो घरमा राखिन् । अहिले मात्र होइन अब प्रत्येक वर्ष यीनै दिनहरूमा हामी दाजुबहिनी मेरै घरमा भेट भएर टीका लगाउने गरौं भनी दाजु यमराजसँग प्रस्ताव राखिन् । यमराजले आफ्नी प्राणभन्दा प्यारी बहिनीको प्रस्तावलाई सहर्ष स्वीकार गरे र त्यहाँबाट बिदा भई आफ्नो यमलोकतर्फ प्रस्थान गरे । यमुनाले आफ्ना दाजु यमराज आफ्नै घरमा आएको मौका पारी उनी र उनका दूतहरूको समेत पूजाआजा गरी पाँच दिनसम्म राख्न सफल भइन् । बहिनीको अटल माया र सद्भाव पाएर यमराज पनि खुसीले अत्यन्त गद्गद् भए । उनी प्रत्येक वर्ष टीका लगाउन बहिनी यमुना कहाँ जाने र पाँचै दिनसम्म बस्न थाले । यमुनाले पहिलो दिन काग पूजा, दोस्रो दिन कुकुर पूजा, तेस्रो दिन गाई तथा लक्ष्मी पूजा, चौथो दिन गोरु तथा गोवर्द्धन पूजा र पाँचौं दिन दाजुको पूजा गरे जस्तै लोकका मानिसले पनि उनीहरूकै सिको गरी यसै गरी पाँचै दिन यमपञ्चक वा तिहार पर्व मनाउन थाले । यमुनाले जस्तै अन्य दिदी बहिनीहरूले पनि आफ्ना दाजुभाइहरूलाई यसरी नै सप्तरङ्गी टीका र मखमली, गोदावरी, सयपत्री इत्यादि फूलका माला लगाएर माया साट्ने, मिष्ठान्न भोजन तथ विभिन्न किसिमका मसलाहरू तयार गरेर खुवाउने, ओखर फुटाएर शत्रुहरू नाश होऊन् भन्ने कामना गर्ने, आफूसक्दो उपहार दिने गर्न थाले । यसै गरी दाजुभाइले पनि आफ्ना दिदी बहिनीहरूलाई माया गरेर आ-आफ्ना गच्छेअनुसार दक्षिणा र उपहार दिने परम्परा युगौंदेखि चल्दै आएको पाइन्छ ।

यसरी परापूर्वकालदेखि दाजुभाइ र दिदीबहिनीका बिचमा अटल माया र सद्भावका साथमा मनाइँदै आएको महान् चाड तिहारको केही वर्षयतादेखि भने विडम्बना दिनप्रतिदिन महत्व खस्कँदै आएको देखिन्छ । समाजको सर्वाङ्गीण विकासको गतिसँगै मान्छे दिनानुदिन स्वार्थी बन्दै जानु, सम्पत्ति जोड्ने होडबाजीमा मान्छे यान्त्रिक बन्दै जानु, समाजमा संयुक्त परिवारको अवधारणा हट्दै जानु, एकल वा छोटोछरितो परिवारको अवधारणा विकसित हुँदै जानु, श्रीमती, छोराछोरी र यीसँग जोडिएका मान्छे बाहेक परिवारभित्रका अन्य सदस्य (बाबुआमा, दाजुभाइ, दिदीबहिनी) पराया जस्ता लाग्न थाल्नु, श्रीमती र छोराछोरी बाहेक अन्य सदस्यलाई थोरै लगानी गरिहाले पनि त्यो रकम नोक्सान भएको महसुस हुनु, महँगीले आकाश छुनु, मानव जीवन दिनानुदिन भड्किलो बन्दै जानु, मान्छेमा माया, दया, विवेक, दायित्व बोध जस्ता कुराहरू हराउँदै जानु तिहार पर्वका महत्व घटाउने कारक तत्वहरू हुन् । अहिलेको अवस्था हेर्दा जे जसरी भए पनि सम्पत्ति जोड्ने र आफ्नो छोटो, छरितो र सुखी परिवारलाई खुसी जुटाउने महत्वाकाङ्क्षा बोकेको स्वार्थी प्रवृत्तिले गर्दा नेपालीहरू दिनानुदिन युरोपियन जस्तो बन्दै गइरहेका छन् । एउटै मातापिताबाट जन्मिएका दाजुभाइ, दिदीबहिनीहरूमध्ये सबैको बुद्धि, किस्मत र आर्थिक अवस्था प्रायः एकै किसिमको हुन सक्दैन । कसैले धेरै राम्रो पढ्न सक्छन् र उच्च ओहोदामा पुग्न सक्छन् भने कसैले थोरै पढेका हुन्छन् । कसैको सम्पत्ति धेरै हुन्छ भने कसैको कम हुन्छ । अहिले यस्तै अवस्थाले पनि तिहार पर्वको महिमा घटाउन महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । आर्थिक रूपले सम्पन्न र उच्च ओहोदामा हुने दिदीबहिनी र भिनाजु ज्वाइँको ससुरालीमा पनि उच्चस्तरको मेजमानी हुन्छ तर सम्पत्ति नहुने, सामान्य जीवन बाँच्ने र दुःख पाउनेहरूको उति मूल्य हुँदैन । यसै गरी कतिपय खराव आचरण भएका दिदीबहिनीले पनि सम्पन्न दाजुभाइलाई जस्तो माया विपन्न दाजुभाइलाई गरेको देखिँदैन । दिदीबहिनीले पनि दाजुभाइलाई दिने उपहारमा समेत विभेद गर्छन् । यस्तै दुर्भावनाका कारणले दिदीभाइ र दाजुबहिनीका बिचमा अटल र निश्छल माया आदान-प्रदान गर्दै एकआपसमा सद्भाव राख्ने र दाजुभाइको दीर्घायुको कामना गर्ने पर्व दिनानुदिन संकटग्रस्त बन्दै गइरहेको देखिन्छ ।

धन सम्पत्तिलाई सबै कुरा ठान्ने, सम्पत्ति आर्जन गर्न उछिनापाछिना गर्ने र अर्कोलाई पछार्न समेत पछि नपर्ने अहिलेको समयमा एकातिर मान्छेलाई फुर्सद पनि कम हुन्छ भने अर्कोतिर दिदीबहिनीलाई भेट्ने, उनीहरूसँग दुःख-सुख सेयर गर्ने, टीका लगाउने, माया गर्ने कुरा उनीहरूलाई बेकारका काम जस्तो लाग्न थालेको आभाष हुन्छ । अहिले ८० प्रतिशत दाजुभाइहरू तिहारमा टीका लगाउनुपर्ने कुरालाई बाध्यात्मक परिस्थितिका रूपमा लिन थालेका छन् । उनीहरूको दिदीबहिनीप्रतिको श्रद्धा घट्दै गएको छ । यस्तो हुनु भनेको धेरैजसो दाजुभाइको दिदीबहिनीप्रति माया नहुनु नै हो । प्रायःजसो दिदीबहिनी सम्पन्न विपन्न जेजस्ता भए पनि श्रद्धापूर्वक भाइटीकाको तयारी गर्दछन् । केही प्रतिशत स्वार्थी र दुष्ट मनोवृत्ति भएका दिदीबहिनीले दाजुभाइले के के दिन्छन् भन्ने अपेक्षा पनि गर्दा हुन् । थोरै दिए भनेर मन खिन्न पनि बनाउँदा हुन् तर धेरै दिदीबहिनीको मनशाय त्यस्तो हुँदैन । तुलनात्मक रूपमा दाजुभाइले भन्दा दिदीबहिनीले नै धेरै माया गर्दछन् । माइतीको कुकुर पनि प्यारो हुन्छ भन्ने जनमानसमा कहाँ वत नै रहेको छ । केही प्रतिशत दाजुभाइले अहिले पनि दिदीबहिनीलाई आत्मैदेखि माया गरेको पनि देखिन्छ । तुलनात्मक रूपमा सम्पन्न दाजुभाइले भन्दा विपन्न दाजुभाइले दिदीबहिनीप्रति माया गर्ने र सद्भाव राख्ने गरेको पाइन्छ । केही वर्ष यता तिहार एउटा विकराल समस्या बन्दै गइरहेको छ । सबैभन्दा ठूलो समस्या त धेरै दाजुभाइकी एउटी बहिनीलाई देखिन्छ । सम्पत्तिको होडबाजीले गर्दा अहिले प्रायजसो दाजुभाइका बिचमा सम्बन्ध राम्रो हुँदैन । उस्तै परे बोली र घर बाराबारको स्थिति पनि हुन सक्छ । जब तिहार आउँछ यस्तो अवस्थामा त्यो एउटी बहिनीलाई अत्यन्तै पीडा हुन्छ । टीकाको लागि माइत आएकी त्यो दिदी वा बहिनीलाई सहयोग गरेर दाजुभाइ एकै ठाउँमा जम्मा हुन मान्दैनन् । उनीहरूका घर एउटै सहर वा गाउँमा पनि नहुन सक्छन् । नजिक घर भएका भए दिदी वा बहिनी टीका बोकेर दिनभरि सबैका घर-घर पालैपालो जान्थी होला तर अहिले दाजुभाइका मनका दुरी जति टाढा हुन्छन् प्राय बसोबास गर्ने स्थान पनि त्यत्ति नै टाढा हुन्छन् । दशैंमा जस्तै पूर्णिमासम्म टीका लगाउन मिल्ने भए पनि केही उनलाई केही सजिलो हुन्थ्यो होला । एकै दिन ३/४ सय कि.मि. टाढा हुने दाजुभाइलाई एक जना दिदी वा बहिनीले कसरी टीका लगाइदिने ? ऊ कता जाने ? एकातिर छोडेर अर्कातिर गई भने जताबाट धेरै आम्दानी हुन्छ उतै गई भन्ने आरोप खेप्नुपर्छ । कतै नगएर बस्न पनि नहुने ! यसर्थ एउटी छोरी हुनेलाई अहिले तिहारमा सबैभन्दा धेरै पीडा देखिन्छ । दाजुभाइ मिलेका छन् भने एउटी हुनेलाई पनि गाह्रो हुँदैन । यसैले एउटी मात्र दिदीबहिनी हुनेले तिहारमा टीका बोकेर कसैका घर नगई आफ्नै घरमा सबै दाजुभाइलाई निमन्त्रणा गर्ने र त्यहाँ आए जति सबैलाई टीका लगाइदिने गर्ने हो भने उनलाई अलि सहज होला जस्तो लाग्छ । यसो गर्दा जताबाट बढी आम्दानी हुन्छ त्यतै गई भन्ने आरोपबाट पनि बच्न सकिएला । धेरै दिदीबहिनी थोरै दाजुभाइ हुनेलाई तिहारमा खास समस्या हुँदैन । दाजुभाइलाई पायक पर्ने अवस्था हेरी दिदीबहिनीले सल्लाह गरेर टीका लगाइदिन सक्छन् । सम्भव भए सबैजना एकै ठाउँमा जम्मा भएर टीका लगाउने सम्भव नभए जसलाई जता पायक पर्छ त्यतै लगाइदिने चलन अहिले पनि छ । तिहारको महत्व खस्कँदै गएको परिप्रेक्ष्यमा पनि कतिपय दाजुभाइले भने अहिले पनि अत्यन्त श्रद्धापूर्वक दिदीबहिनीबाट भाइटीका लगाउँछन् । दिदीबहिनीहरूलाई निकै माया पनि गर्दछन् । यस्तो अवस्थामा उनीहरूका बिचमा लेनदेन, आम्दानी तथा खर्चको हिसावकिताव पनि हुँदैन । उनीहरूका बिचमा भएको मायाममताले यी कुराप्रति कसैलाई वास्ता हुँदैन । दुवै थरिले जेजति पाउँछन् त्यसैमा खुसी हुन्छन् । नपाए पनि गुनासो गर्दैनन् । तर कर फाल्न टीका लगाउने र लगाइदिनेहरूलाई भने तिहारमा नाफानोक्सानको मात्र मतलब देखिन्छ । ***(...बाँकी तीन पेजमा)***

## महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०७९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पाः०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पतालः ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल १९५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयूकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कार्यमा सफलता लाग्नेछ । धार्मिक कार्यमा सहभागी बन्नु पर्नेछ । | **तुला** : सौन्दर्यतामा धन खर्च हुनेछ । सरकारी निकाएको भय रहला । |
| **वृष** : नयाँ कामको समय मिल्नेछ । सुख, दुख वरावरी खालको समय छ । | **वृश्चिक** : दैनिक कार्यमा प्रगति हुनेछ । धर्म, कर्ममा मन पनि लाग्नेछ । |
| **मिथुन** : जोश जाँगर बढ्नेछ । बिना प्रतिस्पर्धा फाइदा हुने योग छ । | **धनु** : बन्धु बान्धवबाट सहयोग मिल्नेछ । जोश जाँगर र हिम्मत बढ्नेछ । |
| **कर्कट** : साहित्यिक क्षेत्रमा रुची बढ्नेछ। जोश, जाँगर र उमङ्ग बढ्नेछ । | **मकर** : आफन्तको सहयोग मिल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छ । |
| **सिंह** : अँटिको र ताकेको कार्य पुरा होला । सामाजिक क्षेत्रमा धन खर्च हुनसक्छ । | **कुम्भ** : आत्मबलमा कमी आउनेछ । मनमा दुविधा उत्पन्न हुनेछ । |
| **कन्या** : श्रमको उचित मुल्याङ्कन हुनेछ । मिष्ठान्न भोजनको अवसर मिल्नेछ । | **मीन** : नयाँ कार्य वा रोजगारको अवसर मिल्नेछ । ज्ञान सिक्ने मौका मिल्नेछ । |

# साहित्य दर्पण

स्मृति — पुष्कर अथक रेग्मी

## मीन सरको महाप्रस्थान





*"आफै नआए पनि तस्विर पठाए हुन्छ ..."*
बोलको कवाली गीत गाउँदै हाते रुमाल हल्लाउँदै नाच्ने, गाउने कलाकार पाल्पाको शैक्षिक, सामाजिक, साँस्कृतिक अभियन्ता, आदरणीय गुरु मीन बहादुर के.सी. परलोकगमन हुनु भएकोमा दीवंगत आत्माको चीर शान्तिको कामना सहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त समस्त के.सी. परिवारला धैर्य धारण गर्न सक्ने क्षमता ईश्वरले प्रदान गरुन् भनी हार्दिक समवेदना प्रकट गर्दछु ।

लुम्बिनी प्रदेश पाल्पा तानसेन-३ बसन्तपुर टोल निवासी मीन बहादुर के.सी.को जन्म वि.सं. २००२ साल चैत्र ३० गतेका दिन पिता मानबहादुर के.सी. र माता लिला के.सी.को सुयोग्य पुत्रको रुपमा भएको हो । जनता माध्यमिक विद्यालय तानसेनमै कक्षा १ देखि १० सम्म अध्ययन गरी वि.सं. २०२० सालमा एस.एल.सी उत्तीर्ण गरी त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाबाट वि सं २०२२ सालमा प्रवीणता प्रमाणपत्र, वि.सं. २०२४ सालमा मानविकीतर्फ स्नातक गरी त्रिभुवन विश्वबिद्यालय कीर्तिपुरबाट एक वर्षे बि.एड. उत्तीर्ण गर्नुभएका मीन सरले प्रारम्भमा तत्कालीन भगवती स्थान प्रा.वि.बाट शिक्षण सेवा प्रारम्भ गरी सेन माध्यमिक विद्यालयको संस्थापक, शिक्षक, साहायक प्रधानाध्यापक हुँदै लामो समयसम्म प्रधानाध्यापक रही सेवानिवृत हुनुभयो । उहाँले भगवतीस्थान प्रा.वि. मा ३ बर्ष र त्यसपछि सेन मा.वि.मा ३७ वर्ष गरी करीब ४० वर्षसम्म शिक्षण सेवा गर्नु भएको भियो ।

परिवारको एक्लो छोरा सानै उमेरदेखि गाउन, फुटबल खेल्न, मनोरञ्जन गर्नमा रुचि लिने मीन सरको मन पर्ने पोशाक पाइन्ट र निलो आकाशे रङ्गको सर्ट थियो भने प्रायजसो उहाँ पाइन्ट र सर्टमा उपस्थित हुनुहुन्थ्यो । दाल, भात, तरकारी, अचार र मासु गरी सामान्य खानानै खान रुचाउने मीन सर सानादेखि ठूलासम्म सबै जनासँग जहाँ जसरी पनि बसेर, गफ गरेर, खाना खाने, खाजा खाने र रमाईलो मनोरञ्जन गर्ने गर्नु हुन्थ्यो । नर्मल तालिम, शैक्षिक तालिम, प्रशिक्षक तालिम, प्रअ तालिम लिई प्रशिक्षक समेत रहनुभएका उहाँले प्रा.वि., नि.मा.वि, मा.वि.का धेरै शिक्षकहरुलाई तालिम दिनुभएको थियो । यसका साथै उहाँ स्थानीय र राष्ट्रिय गोष्ठीका साथै सिंगापुर र बैंककमा भएको अन्तर्राष्ट्रिय शैक्षिक गोष्ठीमा समेत सहभागी हुनुभएको थियो । उहाँले सेन मा.वि. तानसेन, नेपाल शिक्षक संघ र नेपाल ट्रेड युनियन काँग्रेसमा सम्वद्ध रहँदा विभिन्न किसिमका गोष्ठी भेला र सम्मेलनहरुको आयोजना गर्नु भएको थियो । यस्को सिको उहाँ पछिका अरुले पनि गर्दै आएका छन् । नेपाल शिक्षक संघ पाल्पाका संस्थापक अध्यक्ष र केन्द्रीय उपाध्यक्ष समेत रहनुभएका मीन सरले शिक्षा समाजसेवा, सचेतना र सम्पदा तथा संस्कृति संरक्षणको क्षेत्रमा समेत उल्लेखनीय कार्य गर्नुभएको थियो । सेन जुनियर रेडक्रस सर्कलको संरक्षक, नेरेसो श्रीनगर उपशाखा मातहतको आजीवन सदस्य, पाल्पा शाखामा लामो समयसम्म सदस्य रही सल्लाहाकार नेपाल नेत्रज्योति संघ पाल्पा लायन्स लाकैल आँखा अस्पतालको सदस्य समेत रही सामाजिक अभियन्ताको रुपमा समेत कार्य गर्दै आउनु भएको थियो ।

पाल्पा साहित्य समाजका शुभचिन्तक, शिक्षा स्वास्थ्य तथा साहित्य प्रतिष्ठान नेपालका आजीवन सदस्य र देउराली साँस्कृतिक अध्ययन प्रतिष्ठानका उपाध्यक्ष समेत रहि पाल्पा तानसेनको भाषा कला संस्कृति र सम्पदाको संरक्षण सम्वर्द्धन र प्रवर्द्धनका लागि योगदान पुऱ्याउँदै आउनुभएको थियो । नागरिक समाज पाल्पाका सह-संयोजक, सामुदायिक सेवा केन्द्रका सदस्य, नेपाल क्षयरोग निवारण संघका सदस्य, नेपाल ट्रेड युनियन काँग्रेसका अध्यक्ष र सल्लाहकार, सेन मा.वि.विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, लायन्स क्लब पाल्पाका पूर्व अध्यक्ष, सहयोगी समाज बसन्तपुरका संस्थापक उपाध्यक्ष, जनता मा.वि.पूर्व विद्यार्थी समाजका उपाध्यक्ष समेत रहनु भएका मीन सरले स्वदेशका अधिकांश जिल्लाहरुका साथै मित्र राष्ट्र भारतसहित सिंगापुर र थाईल्याडको समेत बैदेशिक भ्रमण गर्नु भएको थियो ।

स्थानीयदेखि राष्ट्रियस्तर सम्मकै विभिन्न संघ संस्थाहरुद्वारा सम्मानित र राष्ट्रिय शिक्षा पुरस्कारद्वारा पुरस्कृत व्यक्तित्व मीन सरले आफ्नो माता पिताको स्मृतिमा सेन मा.वि., प.प. मा.वि. र जनता मा.वि.अक्षयकोष स्थापना गरिदिनुका साथै नेपाल नेत्र ज्योति संघ पाल्पाका लागि चन्दादान र विभिन्न धार्मिक अनुष्ठानहरुमा सहयोग रकम प्रदान गर्नुभएको छ । बाल, युवा, वयस्क, जेष्ठ नागरिक सबैसंग परिचित मीन सर सबैको प्रिय र आर्दशको पात्र हुनुहुन्थ्यो । तत्कालीन समय बि.सं २०४०-२०६० को बिसकमा पाल्पाको तानसेनमा अंग्रेजी विषयमा ट्यूसन पढाउने शिक्षकको रुपमा मीन सरको नाम अग्रपंक्तिमा आउथ्यो । मीन सरसंग अग्रेजी पढाउने र अंग्रजीमा धेरै विद्यार्थीलाई एस.एल.सी.मा पास गराउने सुत्रात्मक कला थियो । Not भए कट No not नभए थप भन्दै tag question, I shall, We shall भन्दै I र We मा shall लगाउनु अरुमा will, wh question मा why आयो भने because भनेर उत्तर दिन सुरु गर्नु भनेर तमाम सरल नियमहरु सिकाउनुहन्थ्यो । यस पंक्तिकार अथकले पनि आदरणीय गुरु मीन सर संगनै अंग्रेजीमा ट्युसन पढेर एस.एल.सी उत्तीर्ण (२०४२) गरेको थियो । टयुशन पढ्दाका ति दिनहरु म पुरै सम्झन्छु । मीन सरसँग साहित्यको बारेमा कुरा गर्दा "पाल्पामा राजेन्द्र गोपाल सिंह, चित्रवलीराम सुवाल र पुष्कर रेग्मी समेतको पाल्पा साहित्य समाजले धेरै नै काम गरेको छ" भन्दै पाल्पाली साहित्यकारहरुमा माधवप्रसाद देवकोटा र जगतबहादुर जोशी, नेपाल साहित्यकारमा महाकवि देवकोटा र वी.पी. कोईराला तथा अंग्रेजी साहित्यकारमा शेक्यपियर बढी मनपर्छ भन्नुहुन्थ्यो भने आफुलाई प्रेरण दिने पाल्पाली व्यक्तित्वको रुपमा कविराज दशरथमान सिंह, पूर्णमान शाक्य, जगतबहादुर जोशी, झमेन्द्रप्रसाद नेपाल र राधा भारतीको नाम लिनुहुन्थ्यो । बुद्धिप्रसाद शर्मासँगै विद्यालय शिक्षा पढेर दुबैले शिक्षा र सामाजिक सेवा गर्दै आएकोमा वर्तमान समयमा आफ्नो बाल, युवा, वयस्क, जेष्ठ दौतरी बुद्धिप्रसाद शर्माले समेत पाल्पाको शिक्षा, स्वयम्सेवा र समाज सेवाको क्षेत्रमा पुऱ्याएको योगदानको तारिफ गर्नुहुन्थ्यो ।

वी.पी. कोईरालाको प्रजातान्त्रिक समाजबादमा आस्थवान मीन सर नेपाली काँग्रेसका क्रियाशील सदस्य रहनुका साथै नेपाली काँग्रेस निकट विभिन्न भातृ एवं शुभेच्छुक संस्थाहरुमा समेत कुनै न कुनै रुपमा संम्बद्ध रहनुभएको थियो । विभिन्न संघ संस्थामा आबद्ध मीन सरले "सामाजिक सेवा नै अहम् सेवा भएकोले सधैं सबै यसतर्फ सजग रहनुपर्छ" भन्नुहुन्थ्यो । उहाँले बालबालिकाहरुलाई "अद्‌भुत हुनु, आफ्नो बुवा आमालाई सम्मान गर्नु, आफु भन्दा सानालाई सदैब माया गर्नु र गुरुहरुलाई सदैब आदर गर्नु" भनी अर्ती दिनुहुन्थ्यो । युवाहरुको लागि पनि "कुलतमा नलाग्नु, पूर्खालाई स्मरण गर्नु, भावी पुस्ताका लागि प्रेरणाको स्रोत बन्नु र असल नागरिक बन्नु" भनी सन्देश दिईरहनुहुन्थ्यो । उहाँले सामाजिक संघ संस्थाहरुलाई समेत "संस्था भनेका सामाजिक भावनाले ओतप्रोत भएको हुनुपर्दछ । मानव सेवा नै भगवानको सेवा भएकोले मानवीय सेवामुखी कार्य गनुपर्दछ" भनी सुझाब दिनुहुन्थ्यो । राष्ट्रिय राजनीति र मुलुकप्रति चिन्ता गर्दै एक अर्न्तवार्तामा मीन सरले यस पंक्तिकारलाई भन्नु भएको थियो "राष्ट्रिय सुरक्षाको दृष्टिकोणबाट हेर्दा देश दिनानुदिन आन्तरिक द्वन्द्व र चुनौतीको दलदलमा फस्दै गईरहेको हुनाले पार्टी र नेताहरु विद्यमान अभ्यास र निर्णय प्रकियामा रमाउने अहंकारले राजनीतिक सुरक्षामा कमी आएको महशुस हुन थालेको छ । यसतर्फ सर्तक रहन पार्टी र नेताहरुलाई सचेत गराउन चाहान्छु ।" जेष्ठ जीवनमा पनि लठ्ठी टेकेर हिँड्दा समेत निमन्त्रणा गरी बोलाइएका हरेक ठाउँमा पुग्ने र सबैलाई अभिप्रेरणा दिने मीन सरको शारीरिक अस्वस्थ्यता बढ्दै गयो । उहाँ निकै गल्नु भएकाले क्रिमसन अस्पताल मणिग्राम रुपन्देहीमा उपचारका लागि भर्ना गरियो । किड्नीको समस्याको कारण उपचार सफल हुन नसकी उहाँलाई पाल्पा तानसेन-३ बसन्तपुर स्थित आफ्नै घरमा ल्याईयो । घरमा ल्याईएको केही समयमै मिति २०८० साल कार्तिक १९ गते आइतबारका दिन धर्मपत्नी शान्ता के.सी., छोरा द्वय पल्लव र पंकज के.सी, छोरी प्रतिमा, बुहारी द्वय, ज्वाइँ, नाती नातिनीहरु, आफन्तजन, छिमेकी, शुभचिन्तक, मित्रहरु, शिष्यहरु सहित चिनेजाने बुझेका सम्पूर्णलाई स्तब्ध पारी शोकाकुल बनाई आदरणीय गुरु मीनबहादुर के.सी., पाल्पाका शैक्षिक, सामाजिक एवं साँस्कृतिक अभियन्ता सबैका मीन सरको यस लोकबाट परलोकमा महाप्रस्थान भयो । अलविदा मीन सर । बैकुण्ठ बासको कामना ।

कथा — कृष्ण के.सी.

## बिछोडका आँशु

आँशुलाइ द्रव्यमा मूल्यांकन गर्ने हो भने यसको मूल्य कति हुदो हो ? आँखाबाट खस्ने यी आँशुहरुका प्रवृति हरुका आधारमा यसलाई वर्गमा विभाजन गर्ने हो भने कति वर्गमा विभाजित गर्न सकिन्थ्यो होला र हरेक वर्गको मूल्य कति निर्धारण हुन्थ्यो होला । यस्तै यस्तै सोचिरहेको थिए विछोडमा खसेका आँशुहरुलाई देखेर । हुनत जीवनका लामा-लामा कष्टकर दिनमा कति रोएर आँशु बगाइयो त्यसको लेखाजोखा कहिलै गरिएन र आज अनायासै यसको मूल्यको बारेमा बुझ्न मन लाग्यो । मनै त हो कहिलेकाही नसोच्नु पर्ने कुराहरु पनि सोचिदो रहेछ । प्राकृतिक रुपमा बनेका यी आँशुहरु आफुले चाहदैमा खस्ने र रोकिने नहुदा रहेछन । आँशुलाई आँखाबाट खसिदिन पनि उसका आफ्ना छुट्टै मान्यताहरु हुँदा रहेछन । संगालेर राख्दा पनि ताल बनेर नफुट्ने, रित्याएर मरभुमी बनाउन पनि नसकिने । आँशुसंग रियाल साट्दा जसरी रियालहरु सकिए त्यसै गरी आँखाबाट बगेका आँशुहरु पनि सकिदै गए र आँशुसंग रियाल साटेर जीवनका उत्तार्दमा सुखी जीवन बिताउने कल्पनाहरु कल्पनामै सिमित भएर रहिरहे । आज फेरि खुसीलाई लत्याएर जादैछु त्यही मरभुमिको देशमा । जहाँ लामा-लामा घाटी हुने उँट र मरंच्यासे खजुरका बोटहरुसंग आफ्ना दिनचर्याहरू बिताउनु पर्नेछ । भविष्यका खुसीहरुलाई कल्पेर वर्तमानमा आँशु खसालिरहेकी जीवन साथीसंग विछोडमा आँखा पनि जुधाउन नसकी समयलाई पर्खिरहेको छु । घरका भित्ताहरु, आफू सुतेको पलंग अनि कपडाका दराजहरु पनि मसंगको विछोडमा रोइरहेको अनुभूति गरिरहेको छु । दुई वर्षमा दुई महिना मात्र पाइने छुट्टीहरु आफ्नो धर्तीमा पाइला चाल्दैमा बित्ने गर्दा रहेछन् र आफू जन्मेर संगै हुर्केका प्राकृतिक खोलानाला बोटबिरुवा सुम्सुमाउदैमा त्यसै त्यसै बित्दा रहेछन् । परिवारसंग सुखदु:ख बाड्ने ति अमूल्य दिनहरु पनि भागवण्डा लगाउदै सकिन्छन् अनि फर्कनु पर्दो रहेछ फेरि आफ्नै कर्म ठाउँमा तिनै आँशुहरुसंग बिदाबारी हुँदै । अपरिचित तर आफ्नै जस्तै लाग्ने भर्खरका युवा युवती र अझै पनि दुई मुटुलाई समाहित बनाइ नसकेका ति जोडीहरुको विछोडमा वर्षे भेलझैं बगेका ति आँशुहरुका दृश्यले मलाई अहिलेसम्म पनि चिमोटी रहन्छ र विदा सकेर कर्म ठाउँ फर्कदा बसेको काठमाण्डौं गेस्ट हाउसमा मैले बिहान बिहानै त्यो दृश्य देखेको थिए ।

जुन दृश्यले म सम्हालिन नसकेर फर्केर घर आउने अनुनय बिनिनय गरेको थिए ति जोडी जस्तै आफ्नो जीवन साथीलाई । भोलि बेलुकाको उडान, सामान्य किनमेल गरेर थाकेको शरीर म निदाए मेरो कोठामा । थाहा पाइन रातभर छिमेकी कोठामा के भयो भएन र बिहान उठेर ढोका खोलेर देख्छु आफू अगाडिको कोठा खुल्ला छ । एउटी युवती भुइमा बसेर घुडामा टाउँको राखेर भक्कनिएर रोइरहेकी छिन् र शरीरमा लगाएका कपडाहरु पनि बेढंगले लपेटीएका छन् । अह सकिन त्यसो गर्न पनि आँट चाहिदो रहेछ त्योबेला त्यस्तो आँट आउन पनि सकेन । विचलित मन लिएर फेरि उठेर हेरे कोठामा दृश्य उस्तै थियो । मैले ठाने सायद त्यो युवकले युवतीलाई किनिएकी वस्तु ठानेको होला त्यसैले त वास्ता गरेको छैन । देखेर पनि मैले बुझ्न सकिन, चाहेर पनि मैले केही गर्न सकिन हेरी मात्रै रहे । त्यसबेला देखेको त्यो कहालीलाग्दो दृश्यले भाबुकतामा म विचलित हुदै थिए । सकिन हेरिरहन लागे गेस्ट हाउसको रिसेप्सनमा र रिसेप्सनमा बसेर चिया पिउदै गर्दा त्यही युवक पैसा बुझाउन रिसेप्सनमै आए । रंग फेरिएका आँखाका नानीहरूमा कायरताका बादलहरुले धपक्कै ढाकी रहेका थियो । अनभिज्ञ र कलिलो त्यो शरीर अनिश्चित भविष्यको हिसाब किताबमा थरथर कापिरहेका थियो । चिया पिउदा सम्मको सामिप्यताले मलाइ केही सहज बनाएको थियो । उ कोठामा जादै गर्दा पछिपछि म पनि गए उसंगै केही नबोली । चाहेर पनि मैले केही गर्न सकिन, गए आफ्नै कोठामा र फोन लगाए मेरी जीवन सगेनिलाई । हेलो नभन्दै उनी सुक्सुकाइन हाम्रो विछोडमा । स्विच अफ गरेर फोन फालिदिए ओछ्यानमा । विवशताका आँशुहरु मेरा आँखाबाट पनि रसाउन थाले । 'दाजु एकछिन आउनुन् ।' म झसङ्ग भए र उनै युवक मेरो कोठाको ढोकामा उभिएका थिए । मेरा आँखाबाट बगेका आँशुहरु लाजमा आफै रोकिए । 'हेर्नुस न हिजोदेखि सम्झाएको सम्झाई छु कत्ति मान्दैनन् तपाइले सम्झाई दिनुस न ।' थाकेर विवश भएका मनका चिन्हहरु अनुहारमा प्रष्टै देखिन्थ्यो । म अक्क न बक्क भए के कारणले किन रोएको अनि को हो कसरी सम्झाई दिने म दोधारमा परे । 'उनी को हुन् र किन रोएकी' मैले सोधे । 'उनि मेरी श्रीमती । म विदेश जान लागेको । मलाइ छोड्न आएकी । आज मेरो फलाइट छ । छुट्टीन लागेको पिरमा हिजोदेखि रोएको रोइ छिन् सम्झाउनै सकिन ।'

केही बुझे केही बुझिन त्यसैले बुझ्न चाहे अनि सोधे - 'कति भयो विवाह गरेको ?' 'तीन महिना पुग्दैछ ।' 'कहाँ जान लागेको ?' 'कतार' दानविय विचारले मात्र ठाउँ ओगट्न खोज्ने आफ्नो मनमा कहिलेकाही मानविय विचार पनि आइदिए कति राम्रो हुने थियो होला ! आफैले आफैलाई धिक्कारे । समयमै म भित्रको मानवतामा सुविचार पलाएको भए मेरो अगाडि रोएर अपनत्व, प्रेम र सामिप्यताको भिख मागेर रुदै आंचल भिजाएकि एउटी महिलालाई सम्झाउन त् सक्थे । मेरा वाक्यहरुमा सायद अपनत्वको गन्ध भेटियो होला त्यसैले मेरो आड लिदै उठिन सुक्सुकाउदै । डोऱ्याएर पलंगमा बसाले र, कोठामा रहेको कलबेल थिचेर चिया मगाए । त्यतिबेलासम्म उनको सुक्सुकाइ पनि बन्द हुँदै थियो । रातभरको रुवाइले घाँटीबाट एकनासले हिक्का छुटी रहेको थियो । 'नानु तिम्रो नाम के रे' उनी बोलेको सुन्न चाहे । 'शा र दा' भक्कनिदै बोलिन् । हेर शारदा नानु तिमीले सुन्न सक्छ्यौ र मान्छ्यौ भने म भनिरहन्छु तिमी सुनी रह । जवाफको प्रतीक्षा बिना नै म भन्दै गए 'तिमी रोएर आफ्नो जिन्दगीको साथीसंग सामिप्यताको भिख मागी रहदा दिन सक्नेले दिन सक्छ वा सक्दैन त्यसलाई विचार गर्नु पर्दछ । उसको बाध्यता र विवसतालाई नबुझीकन प्रेमको आंचल थापिरहदा उसको परिस्थितिले आफूले आफैलाई झोसेको आगोको ज्वालामा उ कति जलिरहेको छ त्यो पनि बुझ्नु पर्दछ । केवल प्रेम र अपनत्वको आभाषमा स्वस्फुर्त रुपमा खसेका आँसुहरु तिमीले बल जृती खसालेर बिनासित्ती खेर फालेका पनि होइनन् तर पनि तिमी सम्हालिनु पर्छ । बुझ्नुपर्छ बाध्यताका यी भोगाइहरु लाई । तिमीले बुझ्नु पर्दछ तिमीसंग विछोड भएर जाँदा तिम्रो साथी केवल तिमी मात्र होइन सारा अपनत्वहरुलाई विवसताको घेराभित्र कैद गर्दै केवल मनभरि मायाहरुलाई साच्दै रित्तो हात लिएर शुन्य आकाशमा सपनाको संसार बुन्दै एक्लै उड्दै छ अनचिनारु मरभूमिको देशमा । तिमी लगायत परिवारको भविष्यको लागि । यति भनिरहदा शारदाको मुहारमा केही चमक देखिएको थियो भने उसको जीवन साथी खुसीले शारदाको मुहारमा हेरर हसाउने कोशिस गरिरहेको थियो । मैले भन्दै गए 'तिम्रो साथी खाडी मुलुकमा गएर बालुवाका हरेक कणहरुमा रियालहरु खोजिरहनेछ । यसरी जम्मा भएका रियालहरु उराठ मरुभूमिमा उडेका निष्ठुरी हावाले उडाएर साहुका दलानमा छरपस्ट पारिदिनेछ । उसले यो सबै बुझेको छ छैन र पनि यो सत्य यथार्थमा उ गुज्रदै छ विवसताको शिकार बनेर । नानु आँशु मूल्यमान छ यसरी जहाँ पायो त्यही आँशुको खर्च गर्नु हुदैन ।

केही समयको विछोडमा खस्ने यी आँशु र सदाको लागि विछोड हुँदा खस्ने आँशु हरु बीचको फरक मूल्य मलाई थाहा छैन र पनि जसरी हासो र खुसी संगाल्न आवश्यकता छ त्यसै गरी आँशु पनि संगालु पर्दछ । शारदाले आफ्नो जीवन साथीको हात समातेर मुसारी रहिन अनि जुरुक्क उठेर आफै झोलामा उसका कपडाहरु पट्याएर मिलाउदै राख्न थालिन् । यसो गर्दा उनका हातका चुराहरुबाट मिठो संगीतको धुन बजिरहेको थियो । घाँटीमा झुण्डिएर रहेको रातो पोतेको गुच्छामा मंगल सुत्र खुसीमा पिङ्ग खेली रहेको थियो । घडी हेरे दिनको १२ बज्दै थियो । मेरो विदेश यात्रामा बाटो तय गर्ने बेला पनि भइसकेको थियो । कतारमै भेट्ने बाचा गर्दै मेरो फोन नम्बर दिए उसलाई । सानो कागजको चिर्कटोमा मैले मेरो नाम लेखेर रु.५०० थमाइदिए शारदाको हातमा अनि हल्लाए विदाईका हातहरु अपरिचित तर आफ्नै जस्तै लाग्ने मेरा बाटाका यात्रीहरुलाई । कतार एयरवेजको झण्डै ५ घन्टाको यात्रामा मेरा आँखाभरि यिनै अपरिचित यात्रीहरुका दिनभरिका दिनचर्याहरू घुमिरहे अनि तिनलाईसंगै जोडे आफ्ना अतितका विछोडका पीडाहरुसंगै ।

*-साहित्य संग्रह डटकम*

## तिहारको ऐतिहासिक...

...धेरै लगानी गरें आधा पनि उठेन भन्ने दिदीबहिनी र यो टीकाको टन्टाले बिनसित्तीको खर्च मात्रै भयो भन्ने दाजुभाइ अहिले धेरै देखिन्छन् । आपसमा नमिल्ने दाजुभाइलाई टीका लगाइदिनुपर्ने एउटी दिदी वा बहिनीका यो तिहार नआउँदै म किन मरिन होला ? यस्ता दाजुभाइ कसैका पनि नहोऊन् । एउटी छोरी भाग्यमानी भन्थे तर म जस्तो अभागी यो संसारमा कोही पनि रहेनछ । दाजुभाइका कारणले सधै दु:खी हुनुपरेको छ । यो तिहार सूतक परेर सधै छेक्किए पनि हुन्थ्यो नि । तिहारकै बेला म नछुने हुन पाए पनि आनन्दै हुन्थ्यो भन्ने आवाज धेरै सुनिन थालेका छन् ।

तिहारको ऐतिहासिक महत्व वा गरिमालाई अक्षुण राख्ने हो भने दाजुभाइ तथा दिदीबहिनीका बिचमा सधै बाल्यकालको जस्तो अटल र निस्वार्थ माया रहिरहन आवश्यक छ । संयुक्त परिवारबाट एकल परिवारतर्फ संकुचित हुँदै जाँदा स्वार्थले धुमिल बन्दै गएको मायाममतालाई अलि फराकिलो बनाउनुपर्ने देखिन्छ । चार दिनको जिन्दगीमा अभिमान लिनुहुँदैन । सबैको मनमा मरेर जाने चोलामा कसैसित वैरभाव राख्नुहुँदैन भन्ने भावना हुनुपर्छ । एउटै कोखबाट जन्मेका सबै दाजुभाइ दिदीबहिनीका बिचमा आपसी सद्भाव हुनुपर्छ । सबैमा मानवीय भावना हुनुपर्छ र सबैले विवेकशील दृष्टिकोण राख्नुपर्छ । धनसम्पत्ति मात्रै सबै कुरा हो भन्ने धारणा त्याग्नुपर्छ । सबैमा पारिवारिक कर्तव्य तथा दायित्वबोध हुनुपर्छ । अनावश्यक तडकभडक र उपहारको लेनदेन गर्ने होडबाजीको अन्त्य गरी आपसी सद्भाव र अटल मायाको आदान-प्रदान गर्ने हो भने यमराज र यमुनाको जस्तो आत्मिक माया रहिरहन सक्छ । यदि यसो हुन सकेन भने हिन्दुहरूको महान् चाड 'तिहार' उज्यालो, खुसी वा प्रकाशको पर्व नभएर अँध्यारो तथा आँसुको पर्व बन्न जाने कुरा निश्चित देखिन्छ । यस्तै अवस्था बढ्दै गएमा यो पर्व दिनप्रतिदिन विकृत र घाँडो बन्दै जाने कुरामा पनि दुई मत हुने छैन ।

***(लेखक त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाकी उपप्राध्यापक समेत हुन् ।)***

# किसानले पाएनन् धानको समर्थन मूल्य



**देउखुरी (दाङ),** कार्तिक २४/दाङमा किसानले धानको समर्थन मूल्य पाउन सकेका छैनन् । जिल्लामा किसान तथा व्यापारीबीच आपसी सहमतिमा मूल्य निर्धारण गरी धान खरिद बिक्री भइरहेको छ । सरकारले यस वर्ष मोटा धानको मूल्य प्रतिक्विन्टल तीन हजार एक सय ९८ र मध्यम धानको तीन हजार तीन सय ६२ तोकेको पनि किसानले भने सो मूल्यभन्दा कममा बिक्री गर्न बाध्य भएका छन् ।


घोराही उपमहानगरपालिका-६ का मनोज चौधरीले गतवर्ष मोटा धान प्रतिक्विन्टल दुई हजार चार सयमा बिक्री गरेको र यसपाली व्यापारीसँगको सहमतिमा दुई हजार सात सयमा धान बिक्री गरेको बताए । उनले एक बिघा जमिनमा धानखेती गरेका छन् । घरमा भण्डारण गर्ने ठाउँ नहुँदा व्यापारीले तोकेको मूल्यमा धान बिक्री गर्न बाध्य भएको उनको भनाइ छ । 'महँगोमा बीउ, मल र श्रमिक लगाएर धानखेती गर्नुपर्छ । तर धानको समर्थन मूल्य नपाउँदा लागानी खेर गएको जस्तो लाग्छ', उनले भने । व्यापारीको मनोमानीका कारण आफूलाई समस्या परेको किसानको गुनासो छ । सरकारले तोकेको मूल्य यहाँ हालसम्म मूल्य लागू हुनसकेको उनीहरुको गुनासो छ । लमही नगरपालिका-३ का बेजलाल चौधरीले पनि व्यापारीको सहमतिमा प्रतिक्विन्टल दुई हजार नौ सयमा स्थानीय व्यापारीलाई धान बिक्री गरेको बताए । समयमै पानी परेकाले यसवर्ष धान उत्पादन राम्रो भए पनि समर्थन मूल्य पाउन नसक्दा आम्दानी कम भएको उनको भनाइ छ । लमही नगरपालिका-५ स्थित कक्षपति राइस मिलले यसवर्ष मोटा धान प्रतिक्विन्टल दुई हजार नौ सय र मसिनो धान प्रतिक्विन्टल तीन हजार दुई सयमा खरिद गरेको मिलका व्यवस्थापक मदन अधिकारीले बताए । गतवर्ष भन्दा यो वर्ष धानको मूल्य राम्रो रहेको बताए । मिलले धान खरिद गरेर चामल बनाइ बिक्री गर्ने भएकाले सरकारले निर्धारण गरेको मूल्यमा किसानको धान खरिद गर्न नसकेको उनको भनाइ छ । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड तुलसीपुरले विगतका वर्षदेखि नै धान खरिद गर्न सकेको छैन । भौतिक पूर्वाधारको अभाव र जनशक्ति अभावका कारण धान खरिद गर्न नसकेको तुलसीपुर शाखाका प्रमुख तिलक सुनारले बताए । कम्पनीसँग हाल पाँच हजार क्विन्टल धान राख्न मिल्ने दुई वटा गोदाम छन् । कृषि ज्ञान केन्द्र दाङको तथ्याङ्कअनुसार यस वर्ष ३८ हजार चार सय ९७ हेक्टर क्षेत्रफलमा धानखेती गरिएको थियो । *-रासस*


## चाडबाडको समयमा खानपानमा ध्यान दिऔं ।

- मासु तथा मासुजन्य पदार्थको अत्यधिक उपभोग नगरौं,
- काँचो वा पकाएको मासु तथा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं,
- सडेगलेको र गन्हाएको बासी खानेकुरा उपभोग नगरौं,
- स्वच्छ स्थानबाट स्वस्थ्य मासु तथा मासुजन्य पदार्थ खरिद गरौं,
- मासु तथा मासुजन्य पदार्थ धेरै खाँदा पचाउन गाऱ्हो हुने भएकोले अन्य खानेकुरासँग सन्तुलन मिलाएर उपभोग गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# हार्दिक समवेदना



जन्म २०००/०४/१०

मृत्यु २०८०/०७/१५

**स्व. शालिग्राम ढकाल**

यस दैनिकका शुभचिन्तक तथा गुल्मी कालीगण्डकी-७, भुर्तुङ्ग निवासी केशवराज ढकाल (सुरेश) का पुजनिय पिता **शालिग्राम ढकाल**को मिति २०८० कार्तिक १५ गतेका दिन ८० वर्षको उमेरमा भएको निधनले यस दैनिक परिवार अत्यन्तै स्तब्ध भएको छ । साथै यस दुःखद् घडीमा दिवंगत आत्माको स्वर्गमा वास होस् भनी चिरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति मिलोस् भनी भगवानसँग प्रार्थना गर्दै **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

नव जनचेतना NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक **परिवार**


## वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

## शुभ दीपावली तथा छठ पर्व २०८० को शुभकामना



नेपालीहरुको महान् चाड शुभ दीपावली, नेपाल सम्वत्, छठ पर्व २०८० को शुभ अवसरमा नेपाली दाजुभाई दिदीबहिनी, इष्टमित्र तथा सम्पूर्ण ग्राहकहरुमा दीर्घायू एवं सु-स्वास्थ्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. डोलराज खाती
**सुरजदेव इन्जिनियरिङ्ग वर्कशप परिवार**
गैरागाउँ, तानसेन, पाल्पा

## वडा कार्यालयको अनुरोध

- जन्म, मृत्यु विवाह जस्ता घटना ३५ दिन भित्र वडा कार्यालयहरुमा दर्ता गरौं ।
- छोराछोरीलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं ।
- बाँझो जमिनमा बोटबिरुवा लगाऔं ।
- भूकम्प प्रतिरोधि संरचना निर्माण गरौं ।

शुभ दिपावली तथा छठ पर्व २०८० को शुभ अवसरमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपालीहरु, वडावासी तथा सेवाग्राहीहरुमा सुख, शान्ति, समृद्धि र दिर्घायुको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मेजरसिंह के.सी.
वडा अध्यक्ष एवं
**तानसेन नगरपालिका वडा नं. १२ परिवार**
तानसेन, पाल्पा

## वडा कार्यालयको अनुरोध

**चाडवाडको समयमा खानपानमा ध्यान दिऊ त्यसैले,**

- मासु तथा मासुजन्य पदार्थको आवश्यकताभन्दा बढी उपभोग नगरौ,
- काटेको वा पकाएको मासु तथा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौ,
- सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौ,
- मासु तथा मासुजन्य पदार्थसँग अन्य खानेकुराको सन्तुलन मिलाएर उपभोग गरौ,

शुभ दिपावली तथा छठ पर्व २०८० को शुभ अवसरमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपालीहरु, वडावासी तथा सेवाग्राहीहरुमा सुख, शान्ति, समृद्धि र दिर्घायुको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

बाबुरत्न शाक्य
वडा अध्यक्ष एवं
**तानसेन नगरपालिका वडा नं. ३ परिवार**
तानसेन, पाल्पा



## शुभ दिपावली तथा छठ पर्व २०८० को शुभकामना

नेपालीहरुको महान् चाड शुभ दिपावली तथा छठ पर्व २०८० को शुभ अवसरमा नेपाली दाजुभाई दिदीबहिनी, इष्टमित्र तथा सम्पूर्ण ग्राहकहरुमा दीर्घायू एवं सु-स्वास्थ्यको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**प्रो. टोप गाहा**
**पुजा आल्मुनियम स्टील एण्ड मेटल फेब्रिकेशन उद्योग परिवार**
तानसेन-३, भगवतीटोल, पाल्पा (अन्नपूर्ण होटलसँगै)
सम्पर्क : ९८४३५७६२७४, ९८२३४०८०५७, ९८४३१३२२३५

*दक्ष तथा अनुभवी कारिगढद्वारा निर्माण गरिने आधुनिक डिजाइनका सटर, च्यानल गेट, रेलिङ्ग, झ्याल, ढोका, ट्रस, आल्मुनियम स्टिल रेलिङ्ग निर्माण गरिनुका साथै फ्रेब्रिकेशन गर्नु परेमा हामीलाई सम्झनुहोस् ।*





## शुभ दिपावली तथा छठ पर्व २०८० को शुभकामना

नेपालीहरुको महान् चाड शुभ दिपावली तथा छठ पर्व २०८० को शुभ अवसरमा सम्पूर्ण कार्यकारी समिति, उपसमिति, पदाधिकारी, शेयर सदस्य, शुभेच्छुकहरु तथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीमा सुख, शान्ति, समृद्धि एवं दिर्घायूको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

| | | |
|---|---|---|
| **मथुरा पराजुली** | **सागर शर्मा** | **केशवराज ढकाल (सुरेश)** |
| **कोषाध्यक्ष** | **सचिव** | **अध्यक्ष** |

एवं
**कुसुम बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार**
तानसेन, पाल्पा

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
**शितलपाटी** .कम
www.shittalpati.com डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई